**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- उपराष्ट्रपति जगदीप धनखड़ले समकालीन वैश्विक परिदृश्य विशेष गरी भारत जस्ता शान्तिप्रिय देशहरूका लागि चिन्ताजनक रहेको बताउनु भएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज भारतका दुई महान् आध्यात्मिक तथा नैतिक नेताहरु श्री नारायण गुरु अनि महात्मा गान्धीबीच भएको ऐतिहासिक संवादको शताब्दी समारोहको उद्घाटन गर्नुहुने छ।
- अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान र इजरायल पूर्ण संघर्ष विरामका लागि सहमत भएको घोषणा गर्नुभएको छ ।
- पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले अन्तर्राष्ट्रिय समुदायलाई आतंकवाद विरुद्ध एकजुट हुन आह्वान गर्नुभएको छ ।
- मौसम विभागले आगामी २५ जुन देखि उत्तरपश्चिम भारतमा भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ।

**उपराष्ट्रपति जगदीप धनखड़ - समकालीन वैश्विक परिदृश्य**

उपराष्ट्रपति जगदीप धनखड़ले समकालीन वैश्विक परिदृश्य विशेष गरी भारत जस्ता शान्तिप्रिय देशहरूका लागि चिन्ताजनक रहेको बताउनु भएको छ ।श्री धनखड़ले हिज नयाँ दिल्लीमा आयोजित एक समारोहलाई सम्बोधन गर्दै यस्तो मन्तब्य पोख्नु भएको हो । यस अवसरमा बोल्दै उपराष्ट्रपति श्री धनखडले आफ्नो प्राचीन दर्शनद्वारा सशक्त भारतले सँधै स्थिर र साम्प्रदायिक विश्व व्यवस्थाको परिकल्पना गरेको बताउनु भएको छ । उहाँले यी दर्शनहरू सदैव सान्दर्भिक रहेको र वर्तमान समकालीन विश्वमा समयको माग भएको र भारत कहिले पनि बिचलित नहुने संदेश दिएको बताउनु भएको छ ।

**प्रधानमंत्री नरेंद्र मोदी -शताब्दी समारोह उद्घाटन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भारतका दुई महान् आध्यात्मिक तथा नैतिक नेताहरु श्री नारायण गुरु अनि महात्मा गान्धीबीच भएको ऐतिहासिक संवादको शताब्दी समारोहको उद्घाटन गर्नुहुने छ । यो ऐतिहासिक बातचित १२ मार्च १९२५ मा महात्मा गान्धीको भ्रमणको क्रममा शिवगिरी मठमा भएको थियो जुन वैकोम सत्याग्रह, धर्म रूपांतरण, अहिंसा, छुवाछूत उन्मूलन, मोक्ष प्राप्ति, दलितहरूको उत्थान आदिमा केन्द्रित थियो। यस संवादले श्री नारायण गुरु र महात्मा गान्धी दुवैले नेतृत्व गरेको सामाजिक न्याय, एकता र आध्यात्मिक सद्भावको साझा दृष्टिकोणको लागि एक शक्तिशाली श्रद्धांजलि स्थापित गर्दछ।

**अमरीका राष्ट्रपति डॉनाल्ड ट्रम्प - संघर्ष विराम - सहमत**

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान र इजरायलपूर्ण संघर्ष विरामका लागि सहमत भएको घोषणा गर्नुभएको छ । संघर्ष विराम आगामी घण्टाहरूमा प्रभावी हुनेछ। संघर्ष विरामको घोषणा हिज राती कतार स्थित अमेरिकी एयरबेसमा इरान द्वारा एक मिसाइल आक्रमण भएको केही समयपछि गरिएको थियो । ट्रुथ सोसलमा जारी बयानमा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले दुवै देशले आफ्नो अन्तिम मिसन पूरा गरेपछि संघर्षविराम लागू हुने बताउनु भएको छ । बयानमा भनिएको छ, 'संघर्ष विराम चरणबद्ध रुपमा लागु गरिनेछ । उहाँले इरानले संघर्ष विरामको पहल गर्ने, त्यसपछि इजरायलले १२ औं घन्टामा संघर्ष

बिराम गर्नेछ र २४ औं घन्टामाबिश्व द्वारा १२ दिवशीय संघर्षको आधिकारिक समाप्तिको घोषणा गर्ने बताउनु भएको छ। बक्तब्यमा संघर्ष विरामको अवधिमा दुवै पक्षले विरोधी पक्षलाई शान्ति र सम्मान देखाउने अपेक्षा गरिएको पनि उल्लेख गरिएको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी-सभा**

**प्रधानमन्त्री नरेन्द्र मोदीले हिज नयाँ दिल्लीमा प्रधानमन्त्री संग्रहालय तथा पुस्तकालय समाजको ४७ औं वार्षिक साधारण सभाको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय मन्त्री राजनाथ सिंह, निर्मला सीतारमण, अश्विनी वैष्णव, गजेन्द्र सिंह शेखावत र धर्मेन्द्र प्रधान लगायतका व्यक्तिहरू उपस्थित हुनुहुन्थ्यो।**

**रक्षामन्त्री- पुस्तक लोकार्पण**

रक्षामन्त्री राजनाथ सिंहले हिज नयाँ दिल्लीमा विंग्स टु आवर होप्स-खण्ड २ नामक पुस्तकको विमोचन गर्नुभयो। पुस्तकमा अगस्ट २०२३ देखि जुलाई २०२४ सम्म राष्ट्रपति द्रौपदी मुर्मुले दिएका भाषणहरू समावेश छन्। यस अवसरमा बोल्नुहुदै रक्षामन्त्री श्री राजनाथ सिंहले पुस्तकले मानिसहरूलाई विकसित भारतको लक्ष्य प्राप्त गर्न काम गर्न प्रेरित गर्ने बताउनु भएको छ। श्री राजनाथ सिंहले पुस्तकले सभ्यतादेखि संस्कृति र शिक्षादेखि स्वास्थ्यसम्मका विषयहरूलाई समेटेको बताउनु भयो।

1- **Byte- रक्षामंत्री**

कार्यक्रमलाई सम्बोधन गर्नुहुदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले पुस्तकले भावी पुस्तालाई राष्ट्रपति द्रौपदी मुर्मुको कल्याणकारी विचारहरूबारे सचेत गराउने बताउनु भयो।

**विज्ञान तथा प्रविधि राज्यमन्त्री**

विज्ञान तथा प्रधौगिकी राज्यमन्त्री डा. जितेन्द्र सिंहले विगत एघार वर्षमा भारतको विकास यात्रामा प्रधौगिकीले प्रमुख भूमिका खेलेको बताउनु भएको छ। नयाँ दिल्लीमा एघार वर्षमा वैज्ञानिक उपलब्धिहरू सम्बन्धी पत्रकार सम्मेलनमा उहाँले नयाँ भारत निर्माणमा विज्ञान, नवप्रवर्तन र प्रशासनिक सुधारहरूको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्नुभयो।

2-**Byte-** डा. जितेन्द्र सिंह

**पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले अन्तर्राष्ट्रिय समुदायलाई आतंकवाद विरुद्ध एकजुट हुन आह्वान गर्नुभएको छ। आयरल्याण्डको कर्कको अहाकिस्तामा एयर इन्डियाको उडान १८२ - कनिष्क बम विस्फोटको ४० औं वार्षिकोत्सवको अवसरमा आयोजित श्रद्धाञ्जली समारोहलाई सम्बोधन गर्नुहुदै श्री पुरीले आतंकवादसँग लड्न विश्व एकजुट हुनुपर्ने बताउनु भएको छ।

3- Byte- हरदीप सिंह पुरी

**राष्ट्रीय सुरक्षा सलाहकार अजित डोभाल - चीन -**

राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिज बेइजिङमा चीनका विदेशमन्त्री वाङ यीसँग भेट गर्नुहुदै क्षेत्रमा शान्ति र स्थिरता कायम गर्नका लागी आतङ्कवादको सबै प्रकारका स्वरूप र यसको हिंसात्मक अभिव्यक्तिविरुद्ध लड्नुपर्ने कुरामा जोड दिनुभएको छ। विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दुवै पक्षले भारत–चीन द्विपक्षीय सम्बन्धमा भएका बर्तमान घटनाक्रमको समीक्षा गरेका छन् तथा जनस्तरको सम्बन्धलाई बढावा दिने लगायत द्विपक्षीय सम्बन्धका सबै पक्षलाई प्रबर्धन गर्नुपर्ने आवश्यकतामाथी जोड दिएका छन्। दुवै पक्षले पारस्परिक हितका अन्य द्विपक्षीय, क्षेत्रीय र वैश्विक विषयमा पनि चर्चा गरेका छन्। श्री डोभालले २४ औं चरणको विशेष प्रतिनिधि वार्ताको लागि पारस्परिक रूपमा सुविधाजनक

तिथिमा भारतमा श्री वाङ यीसँग भेट गर्न उत्सुक रहेको बताउनु भएको छ। राष्ट्रिय सुरक्षा सल्लाहकार डोभाल साङ्घाई सहयोग सुरक्षा सुरक्षा परिषद्को सचिवहरूको २०औँ बैठकमा भाग लिन चीन पुग्नुभएको छ ।

**सरकार -एघार बर्ष**

सेवा, सुशासन र गरिबहरूको कल्याणका सिद्धान्तहरूबाट प्रेरित भएर राष्ट्रले एक दशकमा उल्लेखनीय परिवर्तन हासिल गरेको छ। आकाशवाणी समाचारले विगत ११ वर्षमा प्रमुख क्षेत्रहरूमा सरकारको प्रयासहरूको बारेमा विशेष प्रस्तुति प्रस्तुत गर्दछ। आज, हामी देशका अल्पसंख्यक समुदायहरूको सशक्तीकरण, अवसर र सुधार मार्फत समावेशी विकासप्रति भारतको अटल प्रतिबद्धतामा केन्द्रित छौं।

**4-Byte सर्फरोजी**

**इरान -कतार – आक्रमण**

इरानले कतारको अल उदेइद एयर बेसमा ब्यालेस्टिक मिसाइलले आक्रमण गरेको छ, जुन पश्चिम एसियाको सबैभन्दा ठूलो अमेरिकी सैन्य प्रतिष्ठान हो। पहिलो निशाना दोहाको दक्षिण पश्चिममा रहेको अल उदेइद थियो तर इरानले इराकको ऐन अल असद आधार शिविरलाई निशाना बनाएको रिपोर्टमा उल्लेख गरिएको छ। कतार र अमेरिकाका अधिकारीहरूले आक्रमणमा कुनै हताहत नभएको बताएका छन् l एक अमेरिकी रक्षा अधिकारीले इरानबाट आएको छोटो दूरीको र मध्यम दूरीको ब्यालेस्टिक मिसाइलले एयर बेसमा आक्रमण गरेको पुष्टि गर्दै त्यस समयमा हताहत भएको खबर नआएको बताएका छन्।

**मौसम**

मौसम विभागले २५ जुन देखि उत्तरपश्चिम भारतमा भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ। आगामी सात दिनसम्म मध्य, पूर्वी र उत्तरपूर्वी भारतका धेरै भागहरूमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको छ। आज पश्चिमी मध्य प्रदेशका केही स्थानमा अत्यधिक भारी वर्षा हुने अनुमान गरिएको छ।